# विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका २०६५

## (पहिलो संशोधन २०७१ सहित)

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

# विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका २०६५

## (पहिलो संशोधन २०७१ सहित)

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

© सर्वाधिकार

**शिक्षा विभाग**

मुद्रण

सोपान प्रेस प्रा.लि.

डिल्लीबजार, काठमाडौं

फोन: ०१-४४४२२०६

पुस, २०७२ (जनवरी, २०१६)

३२,००० प्रति

(नेपालका सबै सामुदायिक विद्यालयहरूलाई वितरण गरिएको)

# विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका २०६५

## (पहिलो संशोधन २०७१ सहित)

**प्रस्तावनाः**

"सरोकारवालाहरूमा विद्यालयप्रतिको अपनत्वको विकास गर्दै प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई पारदर्शी र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताका लागि विद्यालयको समग्र गतिविधिको समीक्षात्मक लेखाजोखा गर्न वाञ्छनीय भएकोले,

शिक्षा नियमावली, २०५९ को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले विद्यालयको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका, २०६५ जारी गरेको छ।"

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "विद्यालयको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका, २०६५" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले शिक्षा विभाग सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले नियम १७१ क. बमोजिमको समिति सम्झनु पर्छ।

(च) "सामाजिक परीक्षण" भन्नाले प्रचलित कानुन बमोजिम विद्यालय सुधार योजना, विद्यालयसँग सम्बन्धित अभिलेखहरू र अन्य दस्तावेजहरूका आधारमा गरिने विद्यालयका सम्पूर्ण गतिविधिहरूको गुणात्मक र परिमाणात्मक परीक्षण सम्झनु पर्छ।

(छ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयलाई सम्झनु पर्छ।

(ज) "सरोकारवाला" भन्नाले विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालयसँग सम्बन्धित व्यक्ति, समुदाय, निकाय, सङ्घ, संस्था वा पदाधिकारी समेत सम्झनु पर्छ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले मन्त्रालय वा विभागद्वारा समय समयमा जारी गरिएका निर्देशन वा परिपत्रद्वारा तोकिएको वा तोकिदिए बमोजिम सम्झनु पर्छ।

३. **विद्यालयले सामाजिक परीक्षण गराउनु पर्ने** :

१. विद्यालयले प्रत्येक वर्ष नियमावली, २०५९ को नियम १७१ (क) बमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य रूपमा गराउनु पर्नेछ।

२. समितिले विद्यालयमा बालक्लब गठन भएको अवस्थामा क्लबका एक जना छात्रा पर्ने गरी २ जना प्रतिनिधि र बालक्लब गठन नभएको अवस्थामा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये सबैभन्दा माथिलो कक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने एक जना छात्रा र एक जना छात्र गरी दुईजनालाई अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

३. समितिले गत आर्थिक वर्षको सामाजिक परीक्षण कार्य सम्पन्न गरी तयार पारिएको विद्यालयको प्रतिवेदन प्रत्येक वर्षको भाद्र मसान्तभित्रमा सरोकारवालाहरूको भेला गराई छलफलका लागि प्रस्तुत गर्नुपर्नेछ ।

४. समितिले विद्यालयको सामाजिक परीक्षण गर्दा सकारात्मक र सुधार गरिनु पर्ने विषय स्पष्ट खुलाई सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

५. उपदफा (४) बमोजिमको प्रतिवेदनमा अघिल्लो आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिवेदनका सुझावको कार्यान्वयनको स्थिति समेत उल्लेख गर्नुपर्नेछ ।

६. उपदफा (३) बमोजिमको भेलाबाट प्राप्त सुझाव तथा छलफलको निष्कर्षलाई समितिले आफ्नो प्रतिवेदनमा समावेश गरी अन्तिम प्रतिवेदन तयार पार्नु पर्नेछ ।

६.१ उपदफा (४) बमोजिम तयार भएको प्रतिवेदन कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्ने छ ।

**<u>४. सामाजिक परीक्षण समितिको वैकल्पिक व्यवस्था:</u>** (१) विशेष कारणवस विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन हुन नसक्ने अवस्था भएमा जिल्ला शिक्षा कार्यालयले सोको यकिन गर्न लगाई जिल्ला शिक्षा कार्यालयले देहायको एक तदर्थ समिति गठन गरी सो मार्फत सामाजिक परीक्षण गराउनु पर्नेछ,

(क) सम्बन्धित गाउँ विकास समिति, नगरपालिका भित्रको शैक्षणिक कार्यक्रमको आधारमा अग्रणी विद्यालयका प्रधानाध्यापक र अग्रणी विद्यालयका हकमा गाउँ विकास समिति, नगरपालिका भित्रको वा जिल्ला शिक्षा कार्यालयले तोकिएको उच्च तह सञ्चालन भएको कुनै विद्यालयका प्रधानाध्यापक – संयोजक

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकमध्ये विद्यालयका शिक्षक स्टाफको निर्णयानुसार मनोनित एक जना महिला पर्ने गरी दुई जना – सदस्य

(ग) यस दफा बमोजिमको समितिबाट मनोनित एक जना स्थानीय बुद्धिजीवि – सदस्य

(घ) विद्यालयमा अध्यापनरत शिक्षक मध्ये शिक्षक स्टाफबाट चयन भएको एक जना शिक्षक प्रतिनिधि – सदस्य सचिव

(२) दफा ३ को उपदफा २ बमोजिमका बालक्लबका प्रतिनिधि अनिवार्यरूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिको दायित्व र काम कर्तव्य दफा ३ बमोजिम गठित समिति सरह हुनेछ ।

**४क. <u>सामाजिक परीक्षणको क्षेत्र :</u>** (१) विद्यालयको सामाजिक परीक्षण गर्दा देहायका क्षेत्र समेट्नु पर्नेछ । सामाजिक परीक्षण मूल्याङ्कनका लागि अनुसूची १ को खण्ड क बमोजिमको फारम प्रयोग गर्नु पर्नेछ ।

१. विद्यालय सुधार योजना, वार्षिक कार्य योजना, विद्यालयका अन्य अभिलेखहरू

२. विद्यार्थी भर्ना, विद्यालयको बालमैत्री वातावरण (बालमैत्री प्रारूप बमोजिमका सूचकमा आधारित)

३. वार्षिक सिकाइ उपलब्धिस्तर

४. विद्यार्थी तथा शिक्षक अभिलेख, नियमितता

५. शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग र व्यवस्थापन

६. भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थापन, भवन, उपयुक्त कक्षा कोठा, खेलमैदान, पानी सहितको शौचालय, पुस्तकालय आदि)

७. विद्यालयको आम्दानी र खर्च विश्लेषण

८. शिक्षक विद्यार्थी, शिक्षक- शिक्षक, विद्यालय समुदाय सम्बन्ध सामुदायिक सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय

९. अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, प्राप्त सुझाव कार्यान्वयन आदि)

(२) उपदफा (१) बमोजिम सामाजिक परीक्षण प्रतिवेदनलाई लेखा परीक्षकले लेखापरीक्षणको विषयवस्तु बनाउनु पर्नेछ ।

## ५. विद्यालयमा सामाजिक परीक्षणको विषयवस्तु र परीक्षणको दायित्व :

१. विद्यालयमा गरिने सामाजिक परीक्षणका विषयवस्तुहरू अनुसूची - १ मा व्यवस्था भए बमोजिम हुनेछ । सामाजिक परीक्षण गर्ने दायित्व शिक्षक अभिभावक सङ्घको हुनेछ र आवश्यकता अनुसार सहयोग पुऱ्याउने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ ।

२. सामाजिक परीक्षणका लागि अनुसूची - १ बमोजिमको विवरण तयार गरी समितिमा पेस गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ । विद्यालय व्यवस्थापन समितिले उक्त विवरण प्रधानाध्यापकमार्फत् प्रत्येक वर्षको श्रावण मसान्त भित्र समिति समक्ष पेस गर्नु पर्नेछ ।

३. सामाजिक परीक्षण समितिले सामाजिक परीक्षणका क्रममा हेर्न र बुझ्न चाहेको विद्यालयसँग सम्बन्धित सम्पूर्ण अभिलेख, विवरण तथा प्रमाणहरू प्रधानाध्यापकले सामाजिक परीक्षण समितिलाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ ।

## ६. प्रतिवेदन सम्प्रेषण :

१. समितिले विद्यालयको सामाजिक परीक्षण गरी दफा ३. को उपदफा (६.१) बमोजिमको प्रतिवेदन भाद्र मसान्त भित्र स्रोतकेन्द्रमा पेश गर्नु पर्नेछ र स्रोतकेन्द्रमा सबै विद्यालयको समीक्षा बैठक राखी स्रोतव्यक्तिले सम्बन्धित विद्यालय निरीक्षकलाई असोज १५ गते भित्रमा सबै विद्यालयको प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन सम्बन्धित विद्यालय निरीक्षकले अध्ययन गरी आफ्नो प्रतिक्रियासमेत समावेश गरी अनुसूची - २ को ढाँचामा कार्तिक १५ गते भित्र जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्नेछ ।

३. जिल्ला शिक्षा कार्यालयले उपदफा (२) बमोजिमको प्रतिवेदन माथि आवश्यक अध्ययन गरी जिल्लाका विद्यालयहरूमा गरिएको सामाजिक परीक्षणको समष्टिगत प्रतिवेदन अनुसूची - ३ बमोजिम ढाँचामा तयार

गरी सोको एक एक प्रति पुष मसान्त भित्रमा क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

४. उपदफा (३) बमोजिम जिल्ला शिक्षा कार्यालयहरूबाट प्राप्त हुन आएको समष्टिगत प्रतिवेदनहरूको विश्लेषण एवम् विवेचना गरी विभागले विद्यालयहरूको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षणसम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

**६क. प्रतिवेदन कार्यान्वयन :**

१. समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ । प्रतिवेदनमा प्राप्त सुझाव कार्यान्वयनका लागि विद्यालयले आफ्नो योजनामा समावेश गरी कार्यान्वयन गर्ने र अन्य पक्षहरूसँग सम्बन्धित पक्षहरूलाई प्रतिवेदनको प्रति सहित जानकारी गराउने र कार्यान्वयनमा सहयोग पुर्‍याउनु पर्नेछ ।

२. जिल्ला शिक्षा कार्यालयले स्रोतकेन्द्र मार्फत प्राप्त हुन आएको विद्यालयको सामाजिक परीक्षण प्रतिवेदनको अध्ययन विश्लेषण गरी कार्यान्वयनमा सहयोग पुर्‍याउनु पर्नेछ र विद्यालयलाई दिइने सुविधा र निकाशाका लागि सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रूपमा कार्यान्वयन गर्नु पर्नेछ ।

**७. खारेजी र बचाउ :** (१) विद्यालयहरूमा सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी कार्यविधि, २०६२ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार भए गरिएका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १ (खण्ड क)
(विद्यालय व्यवस्थापन समितिले सामाजिक परीक्षण समितिलाई पेश गर्ने)

## समुदाय सहभागिता

| क.स. | विषयवस्तु | | लक्ष्य | कार्यान्वयन/विद्यमान अवस्था र प्रगति | कार्यान्वयन हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समितिको बैठक सङ्ख्या : | | | | | |
| २ | विद्यालय व्यवस्थापन समितिको बैठकमा वर्ष भरिमा छलफल र निर्णय भएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया : | | | | | |
| | क) | | | | | |
| | ख) | | | | | |
| | ग) | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ३ | शिक्षक अभिभावक सङ्घको बैठक सङ्ख्या : | | | | | |
| ४ | शिक्षक अभिभावक सङ्घको वैठकमा वर्षभरिमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया : | | | | | |
| | क) | | | | | |
| | ख) | | | | | |
| | ग) | | | | | |
| | | | | | | |
| | | | | | | |
| ५ | वर्षभरिमा सामाजिक परीक्षण समितिको बैठक सङ्ख्या : | | | | | |
| ६ | सामाजिक परीक्षण समितिका वर्षभरिका बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया : | | | | | |
| | क) | | | | | |
| | ख) | | | | | |
| | ग) | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | **वर्षभरिमा सञ्चालन भएका अभिभावक भेला सङ्ख्या** | | | | | |
| | क | कक्षागत अभिभावक भेला | | | | |
| | ख | निर्णय भएका विषयहरू | | | | |
| | ग | | | | | |
| | | | | | | |
| | | प्राप्त भएका सुझावहरू | | | | |
| **भौतिक वातावरण** | | | | | | |
| ८ | **विद्यालयको स्वामित्वमा रहेको जग्गाको विवरण** | | | | | |
| | क | विद्यालयको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल | | | | |
| | ख | जग्गाको किसिम | | | | |
| | ग | उपलब्ध जग्गा जमीनको (खेल मैदान समेत) उत्पादनमूलक र प्रभावकारी प्रयोगको अवस्था | | | | |
| | घ | विद्यालयको भवन र कक्षा कोठाहरूको प्रयोग र सजावटको अवस्था | | | | |
| | ङ | विद्यालयहाता भित्र फोहर व्यवस्थापनका लागि खाडलको व्यवस्था प्रयोग | | | | |
| | च | सबै कक्षाका विद्यार्थीहरूका लागि उमेर अनुसार उपयुक्त बसाइसहितको कक्षा कोठाको व्यवस्था | | | | |
| | छ | विद्यार्थीहरूसँग फिर्ता लिइएका पुराना पाठ्यपुस्तक लगायत अन्य विभिन्न पाठ्य सामग्री सहितको पुस्तकालयको व्यवस्था र प्रयोगको अवस्था | | | | |
| | ज | विद्यालयमा स्थानीय शैक्षिक सामग्री र अन्य विभिन्न शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| | झ | विद्यालयमा स्थानीय क्षेत्रमा (प्रकृति) मा उपलब्ध विभिन्न सामग्री सहित विज्ञान/वातावरण प्रयोगशालाको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| | ञ | विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सृजनात्मक क्रियाकलापहरूको प्रदर्शन (Display) गर्ने स्थानको उपलब्धता र त्यसको प्रयोगको अवस्था | | | | |
| | ट | विद्यालयमा खानेपानीको उपलब्धता | | | | |
| | ठ | विद्यालयमा पानीसहितको शौचालयको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| ९ | **विद्यालयका शैक्षिक गतिविधिको पारदर्शिताका लागि विद्यालयद्वारा अपनाइएको माध्यम** | | | | | |
| | क | सूचनापाटीमा प्रदर्शन | | | | |
| | ख | बुलेटिन/पुस्तिका प्रकाशन | | | | |
| | ग | भेला/बैठकहरू | | | | |
| | घ | अन्य | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | **सेवा क्षेत्रभित्रको कुल जनसङ्ख्या** | **सङ्ख्या** | | | | |
| | ३-५ वर्ष भन्दा कम उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | ५-९ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १०-१२ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १३-१४ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १५-१६ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| ११ | **आफ्नो विद्यालयमा आएका बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | पूर्व प्राथमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | प्राथमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | नि.मा. तहका बालबालिका सङ्ख्या | | | | | |
| | माध्यमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | उ.मा. तहका बालबालिका सङ्ख्या | | | | | |
| १२ | **अन्य विद्यालयमा गएका बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | पूर्व प्राथमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | प्राथमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | नि.मा. तहका बालबालिका सङ्ख्या | | | | | |
| | माध्यमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | उ.मा. तहका बालबालिका सङ्ख्या | | | | | |
| १३ | **पढाइमा संलग्न नभएका बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | ५-९ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १०-१२ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १३-१४ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १५-१६ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | **वैकल्पिक शैक्षिक कार्यक्रममा संलग्न बालबालिका सङ्ख्या** | | | | **सङ्ख्या** | | | | | |
| | ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिका सङ्ख्या | | | | | | | | | |
| | ५-९ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | | | | | |
| | १०-१२ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | | | | | |
| | १३-१४ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | | | | | |
| | १५-१६ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | | | | | |
| १५ | **विद्यालय सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई विद्यालय शिक्षाको अवसरका लागि सञ्चालन गरिएका कार्यक्रम/प्रयासहरू** | | | | | | | | | |
| | क | | | | | | | | | |
| | ख | | | | | | | | | |
| | ग | | | | | | | | | |
| | घ | | | | | | | | | |
| | ङ | | | | | | | | | |
| १६ | **विद्यार्थीहरूको लैङ्गिक संरचना विवरण** | | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| | क्र.स. | तह | छात्रा | छात्र | जम्मा | छात्राको प्रतिशत | | | | |
| | क | प्राथमिक तह | | | | | | | | |
| | ख | नि.मा. तह | | | | | | | | |
| | ग | माध्यमिक तह | | | | | | | | |
| | घ | उ.मा. तह | | | | | | | | |

## शिक्षण सिकाइ वातावरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | **वर्षभरिमा विद्यालय खुलेको जम्मा दिन :** | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| १८ | **वर्षभरिमा विभिन्न कारणले विद्यालय खुले पनि कक्षा सञ्चालन हुन नसकेका दिन :** | | | | | | | | |
| | क | विद्यार्थी भर्नामा लागिएका कारणबाट कक्षा नचलेका दिन : | | | | | | | |
| | ख | त्रैमासिक, अर्ध वार्षिक र वार्षिक परीक्षा हुने तयारीको कारणबाट कक्षा नचलेका दिन : | | | | | | | |
| | ग | त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाहरूको परीक्षाफल तयारीको कारणबाट कक्षा नचलेका दिन : | | | | | | | |
| | घ | स्थानीय क्षेत्रमा विवाह व्रतबन्ध वा यस्तै कुनै महोत्सव वा दुःखद घटना परी कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | ङ | कुनै दैवी प्रकोप वा अन्य आकस्मिक कारणबाट कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | च | खेलकुद वा अन्य अतिरिक्त क्रियाकलापमा सबैजना केन्द्रित हुनुपरेका कारणबाट कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | छ | अन्य कारणबाट कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | ज | भर्ना भएका विद्यार्थीहरूलाई समय मै पा.पु. उपलब्धताको अवस्था | | | | | | | |
| १९ | **विद्यालयमा खुद पढाइ सञ्चालन भएको दिन :** | | | | | | | | |
| २० | **विद्यालयका कुल शिक्षकहरू र तिनको वार्षिक हाजिरी दिन तथा खुद पढाइमा संलग्न भएका दिनहरू :** | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| | **क.स.** | **नामथर** | **तह/ श्रेणी** | **वार्षिक हाजिरी दिन** | **पढाउने कार्यमा संलग्न खुद दिन** | | | | |
| | क) | | | | | | | | |
| | ख) | | | | | | | | |
| | ग) | | | | | | | | |
| | घ) | | | | | | | | |
| | ङ) | | | | | | | | |
| | च) | | | | | | | | |
| | छ) | | | | | | | | |
| | ज) | | | | | | | | |
| २१ | **विषयहरूको व्यापकतालाई समेट्ने गरी उपयुक्त कक्षा तालिका निर्माण र प्रयोग** | | | | | | | | |

| २२ | परीक्षामा विद्यार्थीले प्राप्त गरेको सरदर उपलब्धि विवरण : गत वर्षको अन्तिम परीक्षाको प्राप्तांकका आधारमा) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | कक्षाको औसत उपलब्धि | अनिवार्य विषयहरूको विषयगत औसत सिकाइ उपलब्धि | | | | | | | कार्यान्वयन/विद्यमान अवस्था र प्रगति | सुझाव | कैफियत |
| | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | | जनसङ्ख्या तथा वातावरण | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| १-८ जम्मा | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ९-१० जम्मा | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |
| ९-१२ जम्मा | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | **विद्यार्थी दैनिक हाजिरी अवस्था** | | | | | | | | | | |
| | **विद्यार्थीको वार्षिक औसत उपस्थिति दर** | | **विद्यार्थी अनुपस्थितिको कारण प्रतिशतमा उल्लेख गर्ने** | | | | | | **स्वास्थ्यसम्बन्धी अवस्था उल्लेख गर्ने** | **प्रगति** | सुझाव |
| | | | जम्मा अनुपस्थित प्रतिशत | अ | आ | इ | | ई | | | |
| | कक्षा १ | | | | | | | | | | |
| | कक्षा २ | | | | | | | | | | |
| | कक्षा ३ | | | | | | | | | | |
| | कक्षा ४ | | | | | | | | | | |
| | कक्षा ५ | | | | | | | | | | |
| | कक्षा ६ | | | | | | | | | | |
| | कक्षा ७ | | | | | | | | | | |
| | कक्षा ८ | | | | | | | | | | |
| | कक्षा ९ | | | | | | | | | | |
| | कक्षा १० | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |
| २४ | **शिक्षक कर्मचारी बैठक सङ्ख्या :** | | | | | | | | | | |
| | **शिक्षक कर्मचारी बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू :** | | | | | | | **विद्यमान अवस्था र प्रगति** | | **सुझाव** | **कैफियत** |
| | क) | | | | | | | | | | |
| | ख) | | | | | | | | | | |
| | ग) | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| २५ | **शिक्षक कर्मचारी बैठक तथा निर्णय प्रक्रिया :** | | | | | | | | | | |
| | क) | | | | | | | | | | |
| | ख) | | | | | | | | | | |
| | ग) | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | वर्षभरिमा प्रधानाध्यापक र विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरू बीच विद्यार्थीहरूको पढाइबारे छलफल भएका दिन : | | | | | | | | |
| २७ | कक्षा/विषय शिक्षक र सम्बन्धित कक्षा/विषय पढ्ने विद्यार्थीका अभिभावकहरू बीच विद्यार्थीहरूको पढाइ सम्बन्धमा छलफल भएका दिन : | | | | | | | | |
| | **आर्थिक व्यवस्थापन** | | | | | | | | |
| २८ | **विद्यालयको आम्दानी र खर्चको विवरण** | | | | | | **विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| | सरकारी अनुदान (नियमित तथा कार्यक्रमगत ) | | | | | | | | |
| | क.स. | अनुदान शीर्षक | प्राप्त रकम | खर्च शीर्षक | खर्च रकम | | | | |
| | क | | | | | | | | |
| | ख | | | | | | | | |
| | ग | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | अन्य स्रोत | | | | | | | | |
| | क.स. | आम्दानीका शीर्षक | प्राप्त रकम | खर्च शीर्षक | खर्च रकम | | | | |
| | क | | | | | | | | |
| | ख | | | | | | | | |
| | ग | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | **अन्य व्यवस्थापकीय पक्ष** | | | | | | | | |
| २९ | विद्यालय तथ्याङ्क अद्यावधीकरण तथा संप्रेषणमा समय पालना तथा तथ्याङ्क वैधताको स्थिति | | | | | | | | |
| ३० | विद्यालयमा हुने विभिन्न बैठकहरूमा बालक्लब वा विद्यार्थी प्रतिनिधिको सहभागिताको अवस्था | | | | | | | | |
| ३१ | विद्यालयमा विद्यार्थीहरूका लागि खाजाको व्यवस्था | | | | | | | | |
| ३२ | विद्यालय अनुगमनको अवस्था (विभिन्न निकाय वा तहबाट ) | | | | | | | | |
| ३३ | विद्यालयको शैक्षणिक कार्ययोजना निर्माण र कार्यान्वयनको अवस्था | | | | | | | | |
| ३४ | विद्यालय सुधार योजना निर्माण, सो अनुसार वार्षिक योजना निर्माण र कार्यान्वयन | | | | | | | | |

## अनुसूची १ (खण्ड ख)

## (शिक्षा नियमावलीको नियम १७१ 'क' बमोजिम गठित सामाजिक परिक्षण समिति (सा.स.स.) ले तयार गर्ने)

**विद्यालयको नाम :**

**ठेगाना :**

**विद्यालयको किसिम :**

**प्रधानाध्यापकको नाम :**

### पहिलो खण्ड

| क्र.स. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (विव्यसको प्रतिवेदनका आधारमा) | रूजु पश्चात् कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रूजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र गर्नु पर्ने |
| क) | **१. समुदायमा सहभागिता**<br>क) विद्यालय व्यवस्थापन समितिको बैठक सङ्ख्या :<br>ख) विद्यालय व्यवस्थापन समितिको बैठकमा वर्ष भरिमा छलफल र निर्णय भएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>ग) शिक्षक अभिभावक सङ्घको बैठक सङ्ख्या :<br>घ) शिक्षक अभिभावक सङ्घको वैठकमा वर्षभरिमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>ङ) वर्षभरिमा सामाजिक परीक्षण समितिको बैठक सङ्ख्या :<br>च) सामाजिक परीक्षण समितिका वर्षभरिका बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>छ) वर्षभरिमा सञ्चालन भएका अभिभावक भेला सङ्ख्या<br>○ कक्षागत अभिभावक भेला | | | | | | |
| ख) | **२. भौतिक व्यवस्थापन**<br>क) विद्यालयको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल | | | | | | |

| क्र.स. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (विव्यसको प्रतिवेदनका आधारमा) | रूजु पश्चात् कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रूजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र गर्नु पर्ने |
| | ख) जग्गाको किसिम<br>ग) उपलब्ध जग्गा जमीनको (खेल मैदान समेत) उत्पादनमूलक र प्रभावकारी प्रयोगको अवस्था<br>घ) विद्यालयको भवन र कक्षा कोठाहरूको प्रयोग र सजावटको अवस्था<br>ङ) विद्यालयहाता भित्र फोहर व्यवस्थापनका लागि खाडलको व्यवस्था र प्रयोग<br>च) सबै कक्षाका विद्यार्थीहरूका लागि उमेर अनुसार उपयुक्त बसाइसहितको कक्षा कोठाको व्यवस्था<br>छ) विद्याथीहरूसँग फिर्ता लिइएका पुराना पाठ्यपुस्तक लगायत अन्य विभिन्न पाठ्य सामाग्री सहितको पुस्तकालयको व्यवस्था र प्रयोगको अवस्था<br>ज) विद्यालयमा स्थानीय शैक्षिक सामग्री र अन्य विभिन्न शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था<br>झ) विद्यालयमा स्थानीय क्षेत्रमा (प्रकृति) मा उपलब्ध विभिन्न सामग्री सहित विज्ञान/वातावरण प्रयोगशालाको उपलब्धता र प्रयोगको अवस्था<br>ञ) विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सृजनात्मक क्रियाकलापहरूको प्रदर्शन (Display) गर्ने स्थानको उपलब्धता र त्यसको प्रयोगको अवस्था<br>ट) विद्यालयमा खानेपानीको उपलब्धता<br>ठ) विद्यालयमा पानीसहितको शौचालयको उपलब्धता र प्रयोगको अवस्था | | | | | | |

| क्र.स. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (विव्यसको प्रतिवेदनका आधारमा) | रूजु पश्चात् कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रूजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र गर्नु पर्ने |
| ग) | **३) शिक्षण सिकाइ अवस्था**<br>क) विद्यालय बाहिर रहेका बालबालिकाहरू<br>ख) अन्य विद्यालय गएका बालबालिकाहरू<br>ग) विद्यालय बाहिर रहेका बालबालिकाहरूको शैक्षिक पहुँचका लागि भएको व्यवस्था<br>घ) विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि सञ्चालन गरेका कार्यक्रमहरू<br>ङ) लैङ्गिक सूचकाङ्क<br>○ प्राथमिक<br>○ निम्नमाध्यमिक<br>○ माध्यमिक<br>○ उच्चमाध्यमिक<br>च) वर्षभरि विद्यालय खुलेको जम्मा दिन<br>छ) वर्षभरि विद्यालय खुले पनि पढाइ नभएका दिन<br>ज) मुख्य कुन कारणले पढाइ नभएको<br>………………. ……………… …………..<br>झ) प्रधानाध्यापक र विद्यार्थीका अभिभावक बीच पढाइ बारे छलफल भएका दिन<br>ञ) कक्षा विषय शिक्षक र सम्बन्धित विद्यार्थीका अभिभावक बीच पढाइको सम्बन्धमा छलफल भएको दिन<br>ट) औसत शैक्षिक उपलब्धि<br>○ प्राथमिक | | | | | | |

| क्र.स. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (विव्यसको प्रतिवेदनका आधारमा) | रूजु पश्चात् कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रूजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र गर्नु पर्ने |
| | ○ निम्नमाध्यमिक<br>○ माध्यमिक<br>○ उच्चमाध्यमिक<br>ठ) शिक्षकहरूको कुल हाजिरी प्रतिशत<br>ड) विद्यार्थीहरूको कुल हाजिरी प्रतिशत<br>○ प्राथमिक<br>○ निम्नमाध्यमिक<br>○ माध्यमिक<br>○ उच्चमाध्यमिक<br>ढ) शिक्षक कर्मचारी बैठक र छलफल प्रक्रिया | | | | | | |
| घ) | **४) आर्थिक व्यवस्थापन**<br>क) वार्षिक आय व्यय विवरण (सरकारी र अन्य)<br>ख) लेखा परीक्षण भएको भए र वेरूजु फछर्यौट अवस्था<br>ग) आर्थिक पारदर्शिताको अवस्था<br>घ) बुलेटिन पुस्तिका प्रकाशन<br>ङ) भेला बैठकहरू र अन्य | | | | | | |
| ङ) | **अन्य विविध** | | | | | | |

**द्रष्टव्य : ज्यादै राम्रो** (८०% भन्दा माथि) ४ अंक, **राम्रो** (६०% देखि ८०% सम्म) ३ अंक, **सामान्य** (४०% देखि ६०% सम्म) २ अंक र **कमजोर** (४०% भन्दा कम) १ अंक ।

**२. सामाजिक परीक्षण अवलम्बन गरिएका प्रक्रियाहरू (मिति सहित उल्लेख हुनुपर्ने)**

**१.**

**२.**

**३.**

**३. सामाजिक परीक्षणका लागि आधार लिइएका दस्तावेजहरू**

**१.**

**२.**

**३.**

**४. अघिल्लो वर्षको सुझाव कार्यान्वयन अवस्था**

**१.**

**२.**

**३.**

**५. समष्ट्रिगत सुझाव**

**क) विद्यालय व्यवस्थापन**

१.

२.

३.

४.

**ख) शैक्षिक उपलब्धि**

१.

२.

३.

४.

**ग) आर्थिक व्यवस्थापन**

१.

२.

३.

४.

**६. सामाजिक परीक्षणमा संलग्न**

**(क) समितिका पदाधिकारीहरू**

**(ख) सम्बद्ध अन्य व्यक्तिहरू**

**सा.प.स.का पदाधिकारीहरूको नाम सही र मिति :**

| | |
|---|---|
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| | मिति : |

# अनुसूची - २

## विद्यालय निरीक्षक/स्रोतव्यक्तिले बनाउने सारांश प्रतिवेदन

विद्यालयको नाम :

सामाजिक परीक्षण गरिएको शैक्षिक सत्र/आर्थिक वर्ष :

ठेगाना :

सामाजिक परीक्षण सम्पन्न मिति :

विद्यालयको किसिम :

सम्पर्क नं. :

प्रधानाध्यापकको नाम :

| विषय | वार्षिक लक्ष्य | प्रगति | | आवश्यक सुधारका लागि सुझाव |
|---|---|---|---|---|
| | | भौतिक | मूल्यांकित नम्बर (४,३,२,१) | |
| **१. समुदायमा सहभागिता**<br>क) विद्यालय व्यवस्थापन समितिको बैठक सङ्ख्या<br>ख) विद्यालय व्यवस्थापन समितिको बैठकमा वर्ष भरिमा छलफल र निर्णय भएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया<br>ग) शिक्षक अभिभावक सङ्घको बैठक सङ्ख्या<br>घ) शिक्षक अभिभावक सङ्घको वैठकमा वर्षभरिमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया<br>ङ) वर्षभरिमा सामाजिक परीक्षण समितिको बैठक सङ्ख्या<br>च) सामाजिक परीक्षण समितिका वर्षभरिका बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया<br>छ) वर्षभरिमा सञ्चालन भएका अभिभावक भेला सङ्ख्या<br>○ कक्षागत अभिभावक भेला | | | | |
| **२. भौतिक व्यवस्थापन**<br>क) विद्यालयको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल<br>ख) जग्गाको किसिम<br>ग) उपलब्ध जग्गा जमीनको (खेल मैदान समेत) उत्पादनमूलक र प्रभावकारी प्रयोगको अवस्था<br>घ) विद्यालयको भवन र कक्षा कोठाहरूको प्रयोग र सजावटको अवस्था<br>ङ) विद्यालयहाता भित्र फोहर व्यवस्थापनका लागि खाडलको व्यवस्था प्रयोग<br>च) सबै कक्षाका विद्यार्थीहरूका लागि उमेर अनुसार उपयुक्त बसाइ सहितको कक्षा कोठाको व्यवस्था<br>छ) विद्याथीहरूसँग फिर्ता लिइएका पुराना | | | | |

| | | | | |
|---|---|---|---|---|
| पाठ्यपुस्तक लगायत अन्य विभिन्न पाठ्य सामाग्री सहितको पुस्तकालयको व्यवस्था र प्रयोगको अवस्था<br>ज) विद्यालयमा स्थानीय शैक्षिक सामग्री र अन्य विभिन्न शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था<br>झ) विद्यालयमा स्थानीय क्षेत्रमा (प्रकृति) मा उपलब्ध विभिन्न सामग्री सहित विज्ञान/वातावरण प्रयोगशालाको उपलब्धता र प्रयोगको अवस्था<br>ञ) विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सृजनात्मक क्रियाकलापहरूको प्रदर्शन (Display) गर्ने स्थानको उपलब्धता र त्यसको प्रयोगको अवस्था<br>ट) विद्यालयमा खानेपानीको उपलब्धता<br>ठ) विद्यालयमा पानीसहितको शौचालयको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| **३) शिक्षण सिकाइ अवस्था**<br>क) विद्यालय बाहिर रहेका बालबालिकाहरू<br>ख) अन्य विद्यालय गएका बालबालिकाहरू<br>ग) विद्यालय बाहिर रहेका बालबालिकाहरूको शैक्षिक पहुँचका लागि भएको व्यवस्था<br>घ) विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि सञ्चालन गरेका कार्यक्रमहरू<br>ङ) लैङ्गिक सूचकाङ्क<br>○ प्राथमिक<br>○ निम्नमाध्यमिक<br>○ माध्यमिक<br>○ उच्चमाध्यमिक<br>च) वर्षभरि विद्यालय खुलेको जम्मा दिन<br>छ) वर्षभरि विद्यालय खुले पनि पढाइ नभएका दिन<br>ज) मुख्य कुन कारणले पढाइ नभएको<br>………. ……. …….. ……..<br>झ) प्रधानाध्यापक र विद्यार्थीका अभिभावक बीच पढाइ बारे छलफल भएका दिन<br>ञ) कक्षा विषय शिक्षक र सम्बन्धित विद्याथीका अभिभावक बीच पढाइको सम्बन्धमा छलफल भएको दिन<br>ट) औषत शैक्षिक उपलब्धि<br>○ प्राथमिक<br>○ निम्नमाध्यमिक<br>○ माध्यमिक<br>○ उच्चमाध्यमिक | | | | |

| | | | | |
|---|---|---|---|---|
| ठ) शिक्षकहरूको कुल हाजिरी प्रतिशत<br>ड) विद्यार्थीहरूको कुल हाजिरी प्रतिशत<br>○ प्राथमिक<br>○ निम्नमाध्यमिक<br>○ माध्यमिक<br>○ उच्चमाध्यमिक<br>ढ) शिक्षक कर्मचारी बैठक र छलफल प्रक्रिया | | | | |
| **४) आर्थिक व्यवस्थापन**<br>क) वार्षिक आय व्यय विवरण (सरकारी र अन्य)<br>ख) लेखा परीक्षण भएको भए र वेरूजु फर्छ्यौट अवस्था<br>ग) आर्थिक पारदर्शिताको अवस्था<br>घ) बुलेटिन पुस्तिका प्रकाशन<br>ङ) भेला बैठकहरू र अन्य | | | | |
| **५. व्यवस्थापकीय पक्ष**<br>क) विद्यालय तथ्याङ्क अद्यावधीकरण तथा संप्रेषणमा समय पालना तथा तथ्याङ्क वैधताको स्थिति<br>ख) विद्यालयमा हुने विभिन्न बैठकहरूमा बालक्लब वा विद्यार्थी प्रतिनिधिको सहभागिताको अवस्था<br>ग) विद्यालयमा विद्यार्थीहरूका लागि खाजाको व्यवस्था<br>घ) विद्यालय अनुगमनको अवस्था (विभिन्न निकाय वा तहबाट )<br>ङ) विद्यालयको शैक्षणिक कार्ययोजना निर्माण र कार्यान्वयनको अवस्था<br>च) विद्यालय सुधार योजना निर्माण, सो अनुसार वार्षिक योजना निर्माण र कार्यान्वयन | | | | |
| **६. अन्य विवरण** | | | | |

**द्रष्टव्य :** **ज्यादै राम्रो** (८०% भन्दा माथि) ४ अंक, **राम्रो** (६०% देखि ८०% सम्म) ३ अंक, **सामान्य** (४०% देखि ६०% सम्म) २ अंक र **कमजोर** (४०% भन्दा कम) १ अंक ।

**विद्यालय निरीक्षक/स्रोतव्यक्ति**

नाम थर :

हस्ताक्षर : मिति :

# अनुसूची ३

## जिल्ला शिक्षा कार्यालयहरूले सामाजिक परीक्षणको सारांश प्रतिवेदन पठाउने फारम

**जिल्ला शिक्षा कार्यालयः-**

**Social Audit को प्रतिवेदन** **स्रोतकेन्द्र सङ्ख्या :-** **सामाजिक परिक्षण भएको सालः**

**निरीक्षण क्षेत्र सङ्ख्या :-**

**सामाजिक परीक्षण गराउने सार्वजनिक विद्यालय सङ्ख्या :-** **प्रा.वि .....** **नि.मा.वि. ....** **मा.वि. ...........**

**सामाजिक परीक्षण नगराउने सार्वजनिक विद्यालय सङ्ख्या :-** **प्रा.वि .....** **नि.मा.वि. ....** **मा.वि. ...........**

| सि.नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | वार्षिक लक्ष्य | प्रगति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समुदायमा सहभागिता | भौतिक व्यवस्थापन | शिक्षण सिकाइ अवस्था | आर्थिक व्यवस्थापन | व्यवस्थापकीय पक्ष | अन्य | जम्मा औसत अंक | सुधारका लागि मुख्य सुझाव |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**नोट : विद्यालय निरीक्षक/स्रोतव्यक्तिले दिएको प्रतिवेदनका आधारमा समुदायमा सहभागिता, भौतिक व्यवस्थापन आदि सबैको मूल्याङ्कित नम्बरको औसत नम्बर यस फारममा उल्लेख गर्ने ।**

**जिल्ला शिक्षा अधिकारीको**

**दस्तखत :**